नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फोन नं. ४- २२३५८०, २६२६९६, २६९७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल

मिति: २०७२।०१।२७

बिषय : **उद्धारकर्ता, घाईते एवं आमनागरिकहरुलाई जानकारीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ती**

भूकम्प पिडित तथा घाईतेहरुको उद्धार, उपचार तथा बिपद पश्चात हुने प्रकोप तथा रोगहरु रोकथामको लागि मिति २०७२/०१/२७ गतेसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट देहाय बमोजिमका क्रियाकलापहरु भएको कुरा सम्बन्धित सबैको जानकारीको लागि प्रेषित गरिन्छ ।

## १. राष्ट्रिय तथा अन्तराष्ट्रिय उपचार टोलीहरुको परिचालन, अनुगमन तथा बैठक

- मिति २०७२/०१/२७ गतेसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट १०७ वटा अन्तराष्ट्रिय टीम परिचालन भएका छन् जसमा १०१९ मेडिकल बिशेषज्ञहरु, ३६१ नर्सहरु र ९४२ प्यारामेडिक्सहरु गरी जम्मा २३२१ रहेका छन् ।
- सरकारी स्वास्थ्य संस्था बाहेक ४१ भन्दा बढी राष्ट्रिय तथा गैर आवाशिय नेपाली मेडिकल बिशेषज्ञहरुको टिम परिचालन भएका छन् जस्मा १५४ मेडिकल बिशेषज्ञहरु, ८२ नर्सहरु र ९० प्यारामेडिक्सहरु गरी जम्मा ३६७ रहेका छन् ।

## २. उपकरण र औषधि

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पबाट प्रभावित जिल्लाका बिभिन्न स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार निरन्तर रुपमा सम्पर्कमा रही आवश्यक औषधि र उपकरणहरु पठाईरहेको छ ।
- स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखाबाट सिन्धुलीको लगि ३ वटा र ओखलढुङ्गाको लागि ९ वटा टेन्ट तथा आबश्यक औषधिहरु पठाइएको छ।
- पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटनअस्पताल र परोपकार प्रसुति गृह अस्पताल मर्फत नब जात शिशु र सुत्केरी आमालाई दिने गरी यूनिसेफ नेपालबाट Emergency medicines, equipment, Tent लगायत २०० थान कम्बल स्वस्थ्य सेवा विभाग, आपूति व्यवस्था महाशाखामा प्राप्त भएको छ ।

## ३. उपचार गरिएको बिरामी तथा घाइतेको संख्या

मिति २०७२/०१/२७ गतेसम्म उपचार पाएका घाईते तथा विरामीको जम्मा संख्या: ७४,९०२ रहेको छ । स्थान र जिल्ला अनुसार घाईते तथा विरामीको जम्मा संख्या देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| • भक्तपुर १४७०० | • नुवाकोट ४९६९ |
| • धादिङ ३३४३ | • ओखलढुङगा १३८ |
| • दोलखा ४६९ | • रामेछाप ४६३९ |
| • गोरखा ४६८२ | • रसुवा ८३८ |
| • काठमाण्डौ १८८५९ | • सिन्धुली १४३८ |
| • काभ्रे १०३३९ | • सिन्धुपाल्चोक ४३६७ |
| • ललितपुर २५३० | • लमजुङ १९३ |
| • मकवानपुर ११७१ | • निजामती अस्पताल २२०० |
| • बारा २७ | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

१४- २२३५८० २६२६९६ २६९७३६ २६२८०२ २६२९८७ २६२४६८ २६२५४३

पत्र संख्याः- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल
मितिः २०७२।०१।२७

४. **महामारी रोकथामका लागि गरिएको प्रयासहरु**

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले रोगकोहरुको प्रकोप रोकथामका लागि स्वास्थ्य सन्देशहरु संचार माध्यमहरुबाट प्रचार–प्रसार र शैक्षिक सामग्रीहरु भूकम्प प्रभावित जिल्लाहरुमा बितरण निरन्तर रुपमा गरिरहेको छ।

५. **स्वास्थ्यकर्मीको व्यवस्था र अन्य विषय**

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पवाट प्रभावित विरामी तथा घाइतेहरुको उपचार तथा सूचनाको उपलब्धतामा सहजताका लागी टोल फ्री नं १६६००१३३४४४ संचालनमा ल्याएको छ। यदि कुनै ठाँउबाट स्वास्थ्य सम्बन्धि जानकारी लिन वा दिन परेमा माथिदिएको टोल फ्रि नम्बरमा २४ औ घण्टा सम्पर्क गर्नु हुन अपिल गरिएको छ।
- हालसम्म भूकम्पबाट प्रभावित जिल्लाका पूर्ण रुपमा क्षति पुगेका सरकारी स्वास्थ्य संस्थाहरु ३०५ र प्राईभेट स्वास्थ्य संस्था १० रहेका छन्। त्यस्तैगरी आंशिक रुपमा क्षति पुगेका सरकारी स्वास्थ्य संस्थाहरु ६१८ र प्राईभेट स्वास्थ्य संस्था ७ रहेको छ।

६. **माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूको समुपस्थितीमा मिति २०७२।०१।२७ गते बसेको बैठकले गरेका निर्णयहरु :**

- भुकम्पको कारणबाट दुर्घटनामा गरी गम्भीर घाईते भएका व्यक्तीहरुलाई गहन शल्य चिकित्सा गरी उपचार गराईरहेको र तिनीहरुको निरन्तर फलोअप गर्नु पर्ने र तिनीहरुलाई राज्यले निःशुल्क उपचार समेत दिनु पर्ने अवस्था आएकोले यस्ता बिरामीहरुको व्यवस्थित लगत राख्नु पर्ने र नियमित उपचारका लागि परिचय पत्र बनाउनु पर्ने हुँदा हबअस्पतालहरुबाट लगत लिई परिचय पत्र तयार गर्ने। यस कार्यका लागि कार्यबिधी तयार गरी नमुना साथ आपतकालिन स्वास्थ्य कार्यसंचालन केन्द्र (HEOC) ले पेश गर्ने
- भुकम्पको कारणबाट दुर्घटनामा परी गम्भीर घाईते व्यक्तिहरुको उपचार विभिन्न अस्पतालबाट भैरहेको र लामो समय सम्म ति व्यक्तीहरु उपचारार्थ रहनु पर्ने अवस्था रहेको छ। यसबाट अस्पतालको शैया उपयोग भै राख्दा नियमित बिरामीलाई दिने सेवा प्रभावित हुने देखिएकोले तत्काल Medical Rehab Center खोल्ने। पहिलो Rehab Center किर्तिपुरमा खोल्ने निर्णय गरियो। यस कार्यमा आवश्यकता अनुसार वैदेशिक चिकित्सकहरुको टोलीको समेत सहयोग लिने।
- भुकम्प अति प्रभावित जिल्लाका अति प्रभावित गा.वि.स.हरुमा न्यूनतम MBBS गरेका चिकित्सकहरुको नेतृत्वमा तत्काल सेवा दिनु पर्ने। यसकालागि आषाढ मसान्तसम्म र पछि आवश्यकता अनुसार थप गर्न सकिने गरी MBBS गरेका चिकित्सकहरुलाई स्वयंसेवकको रुपमा सेवा लिने। तिनिहरुलाई तोकिए बमोजिम निर्वाह खर्च दिईने। यसको व्यवस्था कर्मचारी प्रशासन महाशाखाले मिलाउने। यस्ता चिकित्सक नपुग भएमा छात्रवृत्तिमा अध्ययन पुरा गरी सरकारको अनिवार्य सेवा गर्नुपर्ने चिकित्सकबाट र सोबाट पनि नपुगेमा अन्य स्थायी दरबन्दीका चिकित्सकबाट समेत काजमा खटाई सेवा प्रदान गर्ने।
- हाल सेवा प्रदान गरिरहेका बिदेशी मेडिकल टिमहरु क्रमशः फिर्ता जाने हुँदा तीनले दिएका सेवाको निरन्तरता दिन सक्ने गरी स्वास्थ्य सेवा संचालन गर्न देहायको संस्थाहरुलाई जिम्मेवारी दिने।

| सि.नं. | जिल्ला | मेडिकल टिम परिचालन गर्ने निकाय | कैफियत |
|---|---|---|---|
| १ | गोरखा | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान | |
| २ | धादिङ र दोलखा | चि.वि.रा.प्र., वीर अस्पताल | |
| ३ | सिन्धुपाल्चोक | त्रि.वि. शिक्षण अस्पताल | |
| ४ | रसुवा | लुम्बिनी अञ्चल अस्पताल | |
| ५ | ओखलढुंगा र सिन्धुली | वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | |
| ६ | नवाकोटलाई २ हप्ता हालकै निरन्तरता संचालन पश्चात मात्र नयाँ जिम्मेवारी दिने | | |

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फोन- २२३५८० २६२६९६ २६९७३६ २६२८०२ २६२९८७ २६२४६८ २६२५४३

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल

- हाल संचालनमा रहेका हबहरुको संयोजहरुसंग हाल सम्म उपचार भएका बिरामीहरुको फेहरिस्त सहितको प्रतिवेदन माग गर्ने । प्रतिवेदन प्राप्त पश्चात हब संयोजकहरुको जिम्मेवारी समाप्त हुनेछ ।
- नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय भए बमोजिम प्रति बिरामीको अनुदान स्वरुप रु. २५,०००।- (रु. पच्चिसहजार) का दरले सोधभर्ना रकम तुरुन्त सम्बन्धित अस्पताललाई उपलब्ध गराउने निर्णय गरियो ।
- अब उप्रान्त १४ वटा भुकम्प अति प्रभावित जिल्लाहरुमा पुन: देहाय बमोजिम हुने गरि संयोजक तोकियो।

| सि.नं. | जिल्ला | संयोजकको नाम |
|---|---|---|
| १ | काभ्रे, भक्तपुर | डा. विकास लामिछाने |
| २ | गोरखा | डा. दीपेन्द्ररमण सिंह |
| ३ | धादिङ | डा. कृष्ण पौडेल |
| ४ | रसुवा, नुवाकोट | डा. रमेश खरेल |
| ५ | मकवानपुर, चितवन | गिरिराज सुवेदी |
| ६ | रामेछाप, दोलखा | घनश्याम पोखरेल |
| ७ | सिन्धुपाल्चोक | चुडामणी भण्डारी |
| ८ | काठमाण्डौं | महेन्द्र प्रसाद श्रेष्ठ |
| ९ | ललितपुर | डा. भिम आचार्य |
| १० | ओखलढुंगा | झलक शर्मा पौडेल |

- भुकम्प प्रभावित बिरामीहरुलाइ दीर्घकालिन उपचार आवश्यक पर्ने हुनाले व्यवस्थीत फलोअप गर्नको लागि पहिलोचरणमा निम्नानुसारका अस्पतालहरुलाई तोक्ने निर्णय गरियो ।

१. सम्बन्धित जिल्ला अस्पतालहरु:
२. त्रि.वि. शिक्षण अस्पताल
३. चि.वि.रा.प्र., वीर अस्पताल
४. निजामती अस्पताल
५. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
६. भक्तपुर अस्पताल
७. वीरेन्द्र आर्मी अस्पताल
८. नेपाल प्रहरी अस्पताल
९. शसस्त्र प्रहरी अस्पताल
१०. नेपाल अर्थोपेडिक अस्पताल
११. भरतपुर अस्पताल
१२. पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरा
१३. वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान

७. मिति २०७२।०१।२७ गते मनोसामाजिक परामर्श सम्बन्धि विभिन्न कार्यहरु व्यवस्थापन गर्न गठित मूल समितिको बैठकले मनोसामाजिक परामर्श रणनीतिहरु तयार गर्ने निर्णय गरेको छ ।

डा. गुणराज लोहनी
सदस्य सचिव एवं प्रबक्ता
विपद व्यवस्थापनको लागि केन्द्रिय समन्वय समिति, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय